DAILY NEWSLETTER

As of FEB 11, 2026

सर्वगुण Investor's Club

A Comprehensive Technical Analysis by SARBAGUNA INVESTMENT

हरियो क्यान्डलमा सामान्य सुधार, २६८० मा बलियो प्रतिरोध

नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक आज ८ अंकले बढ्दै हरियो क्यान्डलमा बन्द भएको छ। आजको कुल कारोबार रकम ११ अर्ब रुपैयाँभन्दा बढी रहँदा बजारमा लगानीकर्ताको सक्रिय सहभागिता देखिएको छ।

इन्ट्राडे कारोबार विश्लेषण अनुसार बजार दिनको न्यूनतम विन्दु २६६० सम्म झरेपछि सुधार हुँदै २६८० को स्तरसम्म पुगेको थियो। तर उक्त बिन्दुमा बलियो प्रतिरोध सामना गरेपछि बजारमा पुनः बिक्री दबाब देखिएको छ। यसका कारण बजारले 'लोअर लो' संरचना बनाउँदै अन्ततः नेप्से २६७१ विन्दुमा बन्द भएको हो।

प्राविधिक विश्लेषण

20D MA	वजार २०D MA भन्दा Below छ ।
MACD	नेप्सेमा हाल MACD मा Buying (Weak) देखिएको छ ।
RSI	RSI 48 पुगेको देखिन्छ ।

Support	2650-2630
Resistance	2730-2700

प्राविधिक रूपमा हेर्दा बजारमा अल्पकालीन सुधार देखिए पनि माथिल्लो स्तरमा बिक्री दबाब अझै कायम रहेको संकेत देखिन्छ। २६८०–२७०० क्षेत्रलाई महत्वपूर्ण प्रतिरोध क्षेत्रको रूपमा हेरिएको छ भने २६६० आसपासको स्तर बजारको प्रमुख सपोर्ट क्षेत्र बन्न सक्ने देखिन्छ।

समग्रमा बजारमा मिश्रित मनोभाव देखिए पनि आगामी कारोबारमा बजारको दिशा प्रतिरोध र सपोर्ट स्तरको परीक्षणले निर्धारण गर्ने अपेक्षा गरिएको छ।

9709043043

www.sarbaguna.com

sarb.agun
sarbaguna.investm
Sarbaguna Investment